बैठक सङ्ख्याः १
मितिः २०८१/०१/१२

आज मिति २०८१ साल बैशाख १२ गते बुधबार विहान ८:०० बजे गोरखा नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०८० बमोजिम गठित खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डका अध्यक्ष श्री कृष्ण बहादुर राना मगरको अध्यक्षतामा तपशील बमोजिमको सदस्यहरुको उपस्थितिमा बोर्डको पहिलो बैठक वसी निम्नानुसार निर्णय गरियो ।

उपस्थितिः

नगर प्रमुख श्री कृष्ण बहादुर राना मगर - अध्यक्ष

नगर उप-प्रमुख श्री मसलीमाया थोकर - सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सुवेदी - सदस्य

वडा नं ९ का वडा अध्यक्ष श्री कुल बहादुर कुँवर - सदस्य

वडा नं ११ का वडा अध्यक्ष श्री राम बहादुर खड्का - सदस्य

वडा नं १२ का वडा अध्यक्ष श्री डिल वहादुर थापा - सदस्य

श्री रामहरी के.सी, सिद्ध वागेश्वरी खानेपानी तथा सरसफाई उ.स - सदस्य

श्री शोभा थापा लामिछाने, अधेरी खोला लिफ्टिङ खानेपानी आयोजना - सदस्य

श्री गोमा दुवाडी, पृथ्वी नारायण साना शहरी खानेपानी उ.स - सदस्य

श्री शुक्रराज पन्त, कर्णेखोला खानेपानी उ.स - सदस्य

अन्य उपस्थिति:-

अधिकृत श्री चेत प्रसाद अंगाई, गोनपा

सू.प्र.अ श्री सुयोग रमण खनाल, गोनपा

Scanned with CamScanner

बैठक सङ्ख्याः १
मितिः २०८१/०१/१२

**मिति २०८१/०१/१२ गतेको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको बैठकको प्रस्ताव तथा निर्णयहरुः**

*प्रस्ताव नं १:*

खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधि निर्माण गर्ने सम्बन्धमा ।

*निर्णय नं १:*

गोरखा नगरपालिकाको खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा ९ को उपदफा १ को 'प' बमोजिम उक्त ऐन कार्यान्वयनका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन कार्यविधि निर्माण गर्न तपशील बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपशीलः
संयोजकः प्रमुख प्रशासकीय अधिकृत, गोरखा नगरपालिका
सदस्यः इन्जिनियर, पूर्वाधार शाखा प्रमुख, गोरखा नगरपालिका
सदस्यः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, कार्यालय प्रमुख, गोरखा

*प्रस्ताव नं २:*

बोर्डको कार्यकारी अधिकृतको नियुक्ति सम्बन्धमा ।

*निर्णय नं २:*

खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा १२ को उपदफा २ बमोजिम गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सुवेदीलाई खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको कार्यकारी अधिकृतको जिम्मेवारी दिने निर्णय गरियो ।

*प्रस्ताव नं ३:*

खानेपानी तथा सरसफाई सामुदायिक संस्था वा उपभोक्ता समिति सूचीकृत गर्न म्याद थप गर्ने सम्बन्धमा ।

*निर्णय नं ३:*

खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा ६ को उपदफा २ बमोजिम मिति २०८०/०५/२० गतेभित्र खानेपानी उपभोक्ता समितिहरु नगरपालिकामा सुचिकृत हुनुपर्ने व्यवस्था रहेकोमा सुचिकृत हुन बाँकी रहेका सम्वन्धित खानेपानी उपभोक्ता समितिहरुलाई पुनः एक पटकको लागि २०८०/०१/१३ गतेको मितिदेखि १५ दिन म्याद थप गरी नगरपालिकामा सूचीकृत हुन आह्वान गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड २०८०

अध्यक्ष



Scanned with CamScanner

*प्रस्ताव नं ४:*

खानेपानी तथा सरसफाई व्यवस्थापन कोष स्थापना सम्बन्धमा ।

*निर्णय नं ४:*

खानेपानी तथा सरसफाई ऐन, २०८० को दफा १५ (१) बमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन कोष स्थापना गर्ने र दफा १५ को उपदफा ३ बमोजिम बोर्डको कोष रहने खाता संचालनका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डका कार्यकारी अधिकृत र गोरखा नगरपालिकाका लेखा अधिकृतको संयुक्त दस्तखतमा खानेपानी तथा सरसफाई व्यवस्थापन कोषको खाता संचालन गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं ५:*

गोनपा-३ को सर्वपक्षीय/सर्वदलीय भेलाले ज्ञापन पत्र साथ पेश गरेको माग सम्बन्धमा ।

*निर्णय नं ५:*

मिति २०८०/११/०८ गते बृहत दरौंदी लिफ्टिङ आयोजना लगायतका विषयमा गोनपा-३ को सर्वपक्षीय/सर्वदलीय भेलाले विभिन्न समस्याको सम्बन्धमा माग राखी नगर प्रमुख समक्ष गरेको ध्यानाकर्षण पत्र सम्बन्धी जानकारी भयो । उक्त विषयमा स्थलगत अवलोकन गरी सम्बन्धित सरोकारवालाहरुसँग छलफल गर्ने तथा खानेपानी उपभोक्ता समितिलाई आगामी बोर्ड बैठकमा छलफलको लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

अध्यक्ष



Scanned with CamScanner